फोन नं.: ०७८-५४०१७०५४१११६
E-mail: info@kawasotimun.gov.np
Website: www.kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं.

## कावासोती भ्यु टावरको सञ्चालन ठेक्का दिने कार्यको बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशन मितिः २०८२/१२/१८

ठेक्का सूचना नं. आय २/०८२/०८३

कावासोती न.पा. को नगरसभाको निर्णय बमोजिम कावासोती नगरपालिकाको वडा नं. १ बालुवाडाडामा निर्माण भएको कावासोती भ्यु टावर को सञ्चालन सम्बन्धी कार्यको लागि आय ठेक्का बन्दोवस्त गर्नु परेकोले इजाजत प्राप्त फर्म वा कम्पनीलाई बोलपत्र सम्बन्धी प्रकृयामा सहभागी हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

क) ठेक्का सम्बन्धी विवरण

| क्र.सं. | कामको विवरण | ठेक्का अवधि | बार्षिक न्यूनतम अंक (मू.अ.कर बाहेक) रु | बोलपत्र जमानत रु | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | कावासोती भ्यु टावर ठेक्कामा लिइ सञ्चालन तथा संरक्षण गर्ने कार्य | सम्झौता मिति देखी २०८४/०३/३२ सम्म | ५०,०००।— (अक्षरुपी रु पचाँस हजार मात्र) | मु.अ.कर बाहेकको कबोल रकमको ३०(तीस) प्रतिशतले हुन आउने रकम | १०००।— एक हजार मात्र |

ख) टावरको संरचना विवरण

१. मुख्य टावर ६ तलाको सिडी सहित रहेको छ ।

२. टावरले ओगटेको जमिनको क्षेत्रफल करिव २ कठ्ठा।

ग) ठेक्का सम्बन्धी शर्तहरु

१. सम्बन्धित निकायमा प्रा.लि., एकल वा साझेदारी फर्म दर्ता भई प्रचलित कानुन बमोजिम नविकरण गर्नुपर्ने भएमा सम्बन्धित निकायबाट नविकरण समेत भएका प्रा.लि. वा फर्मले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कावासोती नगरपालिकाको राजश्व शाखामा रकम दाखिला भएको रसिद वा राष्ट्रिय बाणिज्य बैंकको आन्तरिक राजश्व खाता नं. ३२००१००३०१०१०००३ मा राजश्व दाखिला गरेको भौचर पेश गर्नु पर्नेछ ।

२. बोलपत्रदाताले बोलपत्र फाराममा आफुले बुझाउन कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गरी बोलपत्र फारामसाथ आफ्नो प्रा.लि. वा फर्म दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र, बोलपत्र फाराम दस्तुर वापतको रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको कावासोती नगरपालिका कार्यालयको आन्तरिक राजश्व खाता नं. ग १.१ ३२००१००३०१०१०००३ मा ठेक्का नं. र बोलपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए बमोजिमको रकम दाखिला गरेको बैंक भौचर वा कार्यालयमा नगद दाखिला गरेको नगदी रसीद र आफुले कबोल गरेको रकमको ५% ले हुन आउने धरौटी

महेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

फोन नं.: ०७८-५४०१७०५४११६
E-mail: info@kawasotimun.gov.np
Website: www.kawasotimun.gov.np

कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं. २०८२/०८३

च.नं.

रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको यस कावासोती नगरपालिका कार्यालयको धरौटी खाता नं. ग-५-१ ३२००१००३०३००००००३ मा जम्मा गरी सोको बैंक भौचर वा क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी कम्तिमा ९० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन दिनको १२.०० बजे भित्र कावासोती नगरपालिकाको कार्यालयमा दर्ता गरी पेश गर्नुपर्छ ।

३. रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।
४. सूचना प्रकाशित मितिले १५औं दिन दिनको २.०० बजे कावासोती नगरपालिकाको कार्यालयमा बोलपत्र खोलिनेछ । साथै ईच्छुक बोलपत्रदाताहरुले यस सम्बन्धमा विस्तृत जानकारी लिन कार्यालयम सम्पर्क गर्न सक्नेछन् ।
५. रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
६. बोलपत्र स्वीकृत भएमा बोलपत्रदाताले त्यसको सूचना प्राप्त भएको मितिले १५ दिनभित्र आँफुले बुझाउन कबोल गरेको पहिलो वर्षको एकमुष्ठ ठेक्का रकम कावासोती नगरपालिकाको विभाज्यकोषमा र त्यसमा लाग्ने १३ प्रतिशत हुन आउने मुल्य अभिवृद्धि कर र १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको भौचर र दोस्रो वर्षका लागि कम्तिमा १३ महिना अवधि रहेको बाँणिज्य बैंकले जारी गरेको बैंक जमानत पेश गरि ठेक्का सम्झौता गर्नुपर्नेछ ।
७. बोलपत्रदाताले तोकिएको म्यादभित्र ठेक्का सम्झौता गर्न नआएमा वा लिन मञ्जुर नगरेमा सार्वजनिक खरिद ऐन नियमावलीमा भएको व्यवस्था बमोजिम हुनेछ ।

घ) टावरको सञ्चालन सम्बन्धी शर्तहरु

१. नगरपालिकाले मुख्य टावर हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा उपलब्ध गराउनेछ । बोलपत्रदाताले यसको बाहिरी स्वरुपमा असर नपर्ने गरी भित्री भागमा आवश्यकतानुसार आन्तरिक सजावट (ईन्टेरियर/डेकोरेशन) ईत्यादी आफ्नै लगानीमा गरी सञ्चालन गर्न सक्नेछ ।
२. बोलपत्रदाताले टावर क्षेत्रभित्र हाल कायम रहेको संरचनाहरु बाहेकका खाली स्थानमा नगरपालिकाबाट स्वीकृती लिएर थप अस्थायी संरचना निर्माण गरी संचालन गर्न सक्नेछ । ठेक्का अवधि समाप्त भए पश्चात उक्त संरचनाहरु नगरपालिकालाई उपयुक्त हुने देखिएमा स्वत: नगरपालिकाको हुनेछ । उपयुक्त हुने नदेखिएका संरचनाहरु भने बोलपत्रदाताले हटाईदिनुपर्नेछ । अस्थायी संरचना निर्माण गर्दा वा हटाउँदा लाग्ने खर्चको दावी गर्न पाईनेछैन ।
३. टावरमा व्यवसाय संचालन गर्नका लागि आवश्यक पर्ने फर्निचर लगायतका सामग्रीहरु स्वयंम व्यवस्थापन गर्नुपर्नेछ ।
४. प्राकृतिक विपत्तिबाट हुन जाने ठुलो क्षति बाहेक सबै प्रकारका मर्मत सम्भार बोलपत्रदाता स्वयंले गर्नुपर्नेछ । हालको अवस्थामा भएको टुटफुट तथा मर्मत सम्बन्धी काम नगरपालिकाले गरी सञ्चालनको लागि जिम्मा लगाउने छ ।
५. यस सूचनामा उल्लेखित विषय यसै बमोजिम र यसमा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।
६. थप जानकारीको लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

महेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner